स्थानीय सरकार
# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(रोजगार सेवा केन्द्र)
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०१८६
०१-४४५०३५६

प.सं. :०८३/०८४
च.नं. : ३८६

मिति-२०८३/०५/२५

**विषयः श्रमीक सूचीकरण सम्बन्धी सुचना ।**

सम्बन्धित सरोकारवालाहरु सबै,

उपरोक्त सम्बन्धमा कागेश्वरी मनोहरा नगरपालिकाको श्रम डेस्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम श्रम डेस्कको स्थापना हुने तयारी भएकोले त्यसका लागि श्रमीक सूचिकरण गर्न आवश्यक रहेको छ। श्रम डेस्कले विशेष गरी श्रमिकहरुको हक, हित र अधिकारको रक्षाका लागि श्रमिकहरुको अभिलेखिकरण गरी परिचयपत्र वितरण गर्ने, श्रमिकहरुका उजुरी तथा गुनासोको सुनुवाई गर्ने, श्रमिक तथा रोजगारदाता विचमा असल सम्वन्ध स्थापित गर्ने, रोजगारदातालाई जिम्मेवार बनाउँदै श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने, श्रमिकहरुको न्यूनतम पारिश्रमिकको सुनिश्चितता गर्ने, श्रम अनुगमन तथा निरीक्षण गर्ने लगायतका उद्देश्य तथा कार्यहरु गर्ने रहेको छ। श्रम डेस्कमा स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने सम्पूर्ण रोजगार, बेरोजगार, स्वरोजगार भएका व्यक्ति लगायतले सूचिकृत हुन पाउने तथा यसले एकिकृत तथ्याङ्क संकलन गर्न तथा रोजगारी सिर्जनाका लागि भावि कार्यदिशा तय गर्न समेत सघाउ पुर्याउने छ। यसैसाथ संलग्न रहेको ढाँचामा आ-आफ्नो वडा तथा नगरपालिका कार्यालयमा आइ फारम भर्नुहुन सम्बन्धित सरोकारवालाहरुलाई अनुरोध छ। साथै श्रमिकको हक हितमा काम गर्ने सम्पूर्ण संघ संस्थाहरुलाई समेत आवश्यक सहजिकरण एवम् प्रचार प्रसारका लागि अनुरोध छ ।

- आवेदन फारम बुझाउने अन्तिम मितिः-२०८३/०५/२६-२०८३/०६/२६ गते सोमबारसम्म
- श्रमीक सूचिकरण हुने फारम यसैसाथ संलग्न गरिएको छ।
- थप जानकारीका लागि यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

**बोधार्थ तथा कार्यार्थः**

सबै (१-९) वडा कार्यालयहरु :- सबै वडाको सूचना पाटीमा टाँस गरी सोहि बमोजिम प्रचार प्रसार गरिदिनुहुनका साथै दर्ता हुन आएका फारमहरु दर्ता गरी नगरपालिका कार्यालयमा पठाउनुहुन समेत अनुरोध छ।

(पुरुषोत्तम सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत